स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्माणको चरणमा रहेको चलचित्र 'महाराजधिराज' मा 'महारानी'को रूपमा केकी अधिकारी भित्रिएकी छन्। तीन दिनअगाडि आफ्नै चलचित्र 'स्टेसन' घोषणा गरेकी केकी 'महाराजधिराज'मा अनुबन्ध भएकी हुन्। 'महाराजधिराज कि महारानीलाई सु-स्वागतम्। यहाँको उपस्थिति र हौसलाका निम्ति म दयदेखि नै कृतज्ञ छु,' 'महाराजधिराज'का प्रस्तुतकर्ता विराज विष्टले भनेका छन्।

आजको विचार...



विजयराज पोखरेल

सङ्ला...
(दुई पेजमा)



चलचित्र 'बुकी'को पहिलो प्रिमियर सो जापानमा हुने भएको छ। विवशकुमार माझी र मोहन केसीको संयुक्त निर्देशनमा बनेको यस चलचित्रको प्रिमियर आगामी ६ मे (वैशाख २३) मा जापानको ओसाकास्थित 'मिनातो कुमिन सेन्टर'मा गरिने निर्माण पक्षले जनाएको छ। पोस्टरमा चलचित्रका मुख्य कलाकारहरु सुरक्षा पन्त, देवेन्द्र बब्लु, रोशनी कार्की र प्रकाश घिमिरेलाई प्रस्तुत गरिएको छ। कथावस्तुका रूपमा प्रस्तुत गर्ने जनाइएको छ।

❐ वर्ष ३१ ❐ अंक २५९ ❐ २०८३ बैशाख ५ गते शनिबार 18 April 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पर्यटकलाई आकर्षित गर्दै बराहताल

***स्थानीयहरूले वस्तुभाउ चरिचन गर्ने र गोठमा बस्ने गोठालाले पानी भर्ने ठाउँ अहिले पर्यटकीय गन्तव्य बनेको छ । दुई वर्ष अगाडिमात्रै मोटरबाटो मुगेको बराहतालमा दैनिक पर्यटक घुम्न आउने गरेका छन् । पर्यटक आउन थालेपछि स्थानीय उत्पादनसमेत बिक्री हुन थालेको छ ।***

**रासस**

**ढोरपाटन (बागलुङ),** वैशाख ४/ तमानखोला गाउँपालिका-२ मुठाचौरमा रहेको बराहताल एक दशक अगाडिसम्म ओझेलमा थियो । गाउँपालिकाले पूर्वाधार निर्माण गरी प्रचारप्रसार गर्न थालेपछि अहिले दैनिक आन्तरिक पर्यटकको घुइँचो नै लाग्न थालेको छ । समुद्री सतहदेखि करिब दुई हजार ७०० मिटरको उचाइमा रहेको तालसम्म सडक पुगेपछि पर्यटकको आकर्षण बढेको हो ।

गण्डकी प्रदेश सरकार र गाउँपालिकाको करिब डेढ करोड बढी लगानीमा सडक, खानेपानी, शौचालय, घेराबार, पदमार्ग निर्माणलायत भौतिक पूर्वाधार निर्माण गरिएको छ । एक दशक अगाडिसम्म ताल आसपासका तमानखोला र ढोरपाटनका विभिन्न ठाउँबाट स्थानीय पूजाआजा गर्न जाने गरे पनि अन्य ठाउँबाट पर्यटक आउँदैनथे । तर पछिल्लो केही वर्षयता दैनिक पर्यटक आउन थालेको



तमानखोला गाउँपालिका-२ का भूमिराज विकले बताए । स्थानीयहरूले वस्तुभाउ चरिचन गर्ने र गोठमा बस्ने गोठालाले पानी भर्ने ठाउँ अहिले पर्यटकीय गन्तव्य बन्दा खुसी लागेको विकले सुनाए । दुई वर्ष अगाडिमात्रै मोटरबाटो मुगेको बराहतालमा दैनिक पर्यटक घुम्न आउने उनको भनाइ छ । पर्यटक आउन थालेपछि स्थानीय उत्पादनसमेत बिक्री हुन थालेको विकको भनाइ छ ।

"बराहताल आजभन्दा १० वर्ष अगाडि धेरै ठूलो थियो, अहिले त यति ठूलो छ, पहिला नयाँ वर्षमा फाट्टफुट्ट मान्छेहरू घुम्न आए पनि अरु बेला आउँदैनथे", विकले भन्ने, "अहिले त दिनहुँजसो पर्यटकको आइरहन्छन्, यस्तो ठाउँमा यति धेरै मान्छे आउलान् भन्ने त लागेको थियो ।"ताल घुम्न आउने पर्यटकले तमानखोलाको विभिन्न गाउँमा उत्पादन हुने आलु, सिमी, भाँगोलगायत वस्तु किनेर लैजाने गरेको स्थानीय तुलबहादुर छन्त्यालले बताए । यतिबेला ताल वरपरको घना जङ्गलमा गुराँस फुलेको हुँदा रमाउन आउनेको संख्या पनि बढेको उनको भनाइ छ । उनले भने, "नयाँ वर्षका दिन त यहाँ दशौँ हजार मान्छे आउँथे, तर अहिले त नयाँ वर्ष मनाउन अघिल्लो दिनै आएर रातभर जागराम बस्ने, गीत गाउने र रमाइलो गर्ने पर्यटकहरू बढेका छन्, सडकले सहज पनि बनायो, प्रचारप्रसार पनि राम्रोसँग हुँदा पर्यटक बढे ।" गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बराहताललाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताए । तालको तीव्र प्रचारप्रसार हुँदा आन्तरिकमात्र नभई बाह्रय पर्यटकसमेत आउने गरेको उनको भनाइ छ । ढोरपाटन सिकार आरक्षमा पुग्ने पदमार्ग यही ताल क्षेत्रमा पर्ने हुँदा विदेशी पर्यटकको रोजाइमा समेत बराहताल परेको अध्यक्ष बुढामगर बताउन्छन् ।

## सक्षिप्त समाचार

### फिलिपिन्समा गोली हानाहान १० को मृत्यु

**(रासस/एएफपी)**

**मनिला,** वैशाख ४/फिलिपिन्सको सुरक्षा बलले आफहरूलाई पक्राउ गर्ने प्रयासको प्रतिक्रीया गर्दा १० जना सशस्त्र इस्लामवादी उग्रवादीहरूको हत्या गरेको प्रहरीले जनाएको छ । मुख्यतया क्याथोलिक मुस्लिम बाहुल्याता भएको यस क्षेत्रमा प्रहरी र सैनिकहरूसँगको गोलीबारी भएको थियो । मृतक मध्ये मौटे-दौला इस्लामिया नामक सशस्त्र समूहका नेता आमेरोल मङ्गोरान्का पनि रहेको क्षेत्रीय प्रहरी रिपोर्ट गरेको छ । समुहले विद्रोही नेताकी श्रीमती र अन्य तीन महिलासहितको समूहसँग एक घण्टा लामो गोलीबारी भएको जनाइएको छ । आफुहरुको पक्षमा कुनै हताहत नभएको उल्लेख गर्दै बन्दुक र विस्फोटकहरू बरामद गरेको सेनाले जनाएको छ । फिलिपिन्स सेनाको पहिलो इन्फेन्ट्री डिभिजनको रिपोर्टमा जनवरीमा चार जना सैनिकको ज्यान गएको र एक जना घाइते भएको घटनाको पछाडि यो समूह जिमेवार रहेको आशङ्का गरिएको छ । मारिएका बन्दुकधारीहरू "मारावी घेराबन्दी र वर्षौंको हिंसाका लागि जिम्मेवार समुह सञ्जालका रहेको, सैन्य एकाईका कमान्डर मेजर-जनरल येगोर बारोकिलोले विज्ञप्ति मार्फत पुष्टि गरेका छन् ।

## मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

**मानसिक समस्याका लक्षण:**

-निराश हुनु,
-तनाव तथा चिन्ता महशुस हुनु,
-बेलाबेलामा डर लाग्नु,
-बिनाकारण पसिना आउनु,
-गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागि:**

-नियमित व्यायाम गरौं,
-आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
-परिवार र साथीहरूसँग समय बिताऔं,
-योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## अस्पतालहरूमा पनि सातामा दुई दिन सार्वजनिक बिदा

**पाल्पा,** वैशाख ४/सरकारी अस्पतालमा पनि साताम दुई दिन बिदा कायम हुने भएको छ । अन्तरंग तथा आकस्मिक शल्यक्रिया सेवाहरू चौबिसै घण्टा सञ्चालनमा राख्दै शनिबार र आइतबार अस्पतालहरूमा सार्वजनिक बिदा हुने भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार सूचना जारी गर्दै चैत २२ गते राजपत्रमा प्रकाशित सूचना बमोजिम शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू गर्ने जानकारी दिएको हो । स्वास्थ्यकर्मीहरूको मनोबल र हितलाई ध्यानमा राख्दै बिरामीको निरन्तर हेरचाह सुनिश्चित गर्न, सरकारको 'हप्तामा दुई दिन सार्वजनिक बिदा' को नीति




अनुरूप आइतबारका पूर्व-निर्धारित शल्यक्रिया लगायतलाई बिरामीको सहजता हेरी रिसेड्युल गरी अन्तरंग र आकस्मिक सेवाहरू सधैँझैँ चौबिसै घण्टा सुचारु रहने मन्त्रालयले जनाएको छ । मन्त्रालयले बिदाका दिनहरूमा बिरामीले कुनै सास्ती हुन नदिन अस्पतालहरूले सम्भव भएसम्मका सेवा प्रदान गर्न, उपलब्ध नभएका सेवाका लागि नजिकैको उपयुक्त अस्पतालमा सहज रूपमा रेफर गर्न र एम्बुलेन्सहरू हरदम तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व सम्पदा दिवसको सन्दर्भ

**आज विश्व सम्पदा दिवस नेपालसहित विश्वभर मनाइँदै छ। सम्पदाको संरक्षण तथा सम्वर्द्धनका लागि नयाँ पुस्तालाई जागरुक बनाउने उद्देश्यले यो दिवस हरेक बर्ष आजकै दिन अर्थात् अप्रिल १८ मा मनाउने गरिन्छ । प्रकृति संरक्षण, पर्यटन, संस्कृति, जैविक विविधता, पर्यावरण लगायतका क्षेत्रमा सरोकार राख्ने सरकारी निकाय र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संघसंस्थाबीच सहकार्य गरी विभिन्न कार्यक्रमका साथ यो दिवस मनाउने गरिन्छ । तर हरेक वर्ष यो दिवस मनाइने गरे पनि सम्पदा संरक्षणमा कसैको पनि ध्यान जान सकेको छैन् ।**

**राज्यको संवेदनहीनता, सरोकारवालाको उदासीनता र मानवीय गैरजिम्मेवारपूर्ण रबैयाका कारण नेपालमा रहेका अनेक बहुमूल्य प्राकृतिक सम्पदाहरू नष्ट भइरहेका छन् भने अन्य त्यस्तै सम्पदाहरू अति जोखिममा परेका छन् । अन्य सम्पदाहरूको तुलनामा यहाँका भौगर्भिक सम्पदाहरू अझै बढी जोखिममा परेको पाइएको छ । विश्व सम्पदा सूचीमा परेका नेपालका कयौँ सम्पदाहरु भौतिक निर्माणको अतिक्रमणमा परिरहेका छन् । सहरीकरणमा वृद्धिसँगै बढ्दो जनसंख्या र अव्यवस्थित घरहरुको निर्माणले विश्व सम्पदाहरु हाल खतरामा पर्दै गएका हुन् । न तिनको उचित तरिकाले सरसफाइ हुन सकेको छ न सही ढङ्गले मर्मतसम्भार नै । सम्पदाहरुलाई लिएर अन्तर्राष्ट्रिय मापदण्डअनुकूल तिनीहरुको व्यवस्थापन गर्न सकिएन भने ती खतराको सूचीमा पर्ने सम्भावना धेरै रहन्छ । सडक विस्तार तथा खोलामा भइरहेको मानवजन्य अव्यवस्थित क्रियाकलापले नेपालमा भौगर्भिक संरचना र सम्पदा लोप हुँदै गएका छन् । प्राकृतिक ग्याँस, पेट्रोलिएम पदार्थ तथा विभिन्न मेटालिक र ननमेटालिक धातुजन्य र मिनरलजन्य पदार्थहरूको सम्भाव्य स्थानहरूको पनि विभिन्न निकायहरूबीचको संयोजनकारी पहलमा संरक्षण र विस्तृत अध्ययन गर्न जरुरी छ । सडक विस्तारका क्रममा चोइट्याइएका मन्दिर र सत्तलका अवशेषहरुले सम्पदाप्रतिको हाम्रो उदासिनता जागृत गर्दछ । हामी को हौं र कहाँ कसरी आयौं लगायतका मुख्य विवरण अनि इतिहासहरु जोगाउने सम्पदाहरुको सरक्षण गर्नु हाम्रो पहिचान अनि संस्कार दुवै कुराका लागि महत्वपूर्ण छ । यसर्थ हाम्रा पानीका धाराहरु, मुर्तिहरु, गजुरहरु, भवनहरु अनि हरेक ईँटा र काठका टुक्राहरु मूल्यवान छन्, यिनको रक्षा गर्न सके मात्र विश्व सम्पदा दिवस मनाउनुको सार्थकता रहन सक्छ ।**

### Opinion @ Social Network

कसैले बुझ्न खोजेन लाचार खरानीको महत्व
आफू भस्म भएर कराईको पिँध जोगाएको छ ।
*(सागर हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सङ्लो राजनीतिको अपेक्षा



**विजयराज पोखरेल**

गत भाद्रमा भएको 'जेन-जी' विद्रोहपश्चात् उत्पन्न परिस्थितिबाट फाल्गुन २१ म सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनको मतपरिणामले जनतामाझ छाएको निराशामा एउटा नयाँ आशा एवं विश्वासको दियो जलाएको छ । राजनीतिमा विगत साढे तीन दशकदेखि अखडा जमाएर हालीमुहाली गरिरहेका दल र अनुहारहरूलाई यसपटकको मतपरिणामले भने बढाऱ्यो । २०७९ मा मात्र उदय भएको दल राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले दुइतिहाइ नजिकको मत दिएका छन् । बालेन्द्र साह ( बालेन)को नेतृत्वमा सत्तारोहण पनि भइसेको छ । विगतभन्दा फरक के छ भने यसपटकको संसद् र सत्तामा नितान्त नयाँ अनुहारका साथै पढेलेखेका युवापुस्ता हाबी देखिएको छ । नयाँ सरकारले परिवर्तनको जनअपेक्षा पूरा गर्नका लागि शासकीय सुधारसम्बन्धी समयाबद्ध एक सय कर्यसूची जनतामाझ पेस गरिसकेको अवस्था पनि छ । अब देशले कोल्टे फेर्छ भन्ने अपेक्षा गरिएको छ । योसँगै संशय पनि छ । के नेपालका राजनीतिमा अब सँधै सङ्लो पानी बग्छ त ? विगतमा हदैसम्म प्रदूषित र उकुसमुकसपूर्ण रह्यो हाम्रो राजनीति । सत्ता सीमित वर्गका लागि राज्यको स्रोतसाधन दोहन गर्ने भऱ्याङ बन्न पुग्यो । जनतासंग गरिएका वाचा र जनआकांक्षालाई हदैसम्म उपेक्षा गरियो । राजनीति जनसेवाको उपकरण हुनुपर्नेमा स्वार्थ, अपारदिर्शिता र भ्रष्टाचारले ग्रसित हुनपुग्यो ।

नेपालको राजनीतिमा कहिले पनि सङ्लो पानी बग्न सकेन । राजनीतिमा सधैँ दोहरिरहने पात्रहरूबाट वाक्कदिक्क भएर नै होला प्रतिनिधि सभा निर्वाचन, २०८२ मार्फत मतदाताहरूले पुराना अनुहारहरूलाई तिरस्कारको घण्टी बजाए । जनताको अपेक्षा सदैव सङ्लो राजनीतिको थियो । अथार्त, स्वच्छ, पारदर्शी, उत्तरदयी एवं जनमुखी शासन प्रणाली । यसपटकको निर्वाचनमा वर्तमान संवैधानिक व्यवस्थाअनुसार कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्दैनन् भन्ने भाष्य मतदाताले तोडिदिएका छन् । बहुमत पाएर मात्र हुँदैन, बहुमत टिकाउन पनि सक्नुपर्छ । प्राप्त बहुमतलाई पूरा कार्यकाल नेताहरूले टिकाउन सक्छन/सक्दैनन् भन्ने चिन्ता छ जनतालाई । नेपालको संसदीय यात्रा कहिले पनि सुखद रहन सकेन । पटक-पटक संसद्/सरकार विघटनका घटनाहरू जनताले खेप्नुपरेको तीतो विगत छ । नेपालको संसदीय इतिहासमा प्रतिनिधिसभा सातपटक विघटन र चार पटक पुन:स्थापना भयो । त्यसैगरी, कुनै पनि सरकारले तोकिएको पाँच वर्षे अवधि पार गर्न सकेनन् । २०४६ सालपछि बहुमतको जनादेश प्राप्त सरकारका दलभित्रको आन्तरिक कलहकै कारण देश थप अस्थिरतातर्फ धकेलिएको हामीसमक्ष लुकेको छैन । प्रत्येक आन्दोलन र निर्वाचन ताका गरिएका बाचाहरू फगत व्यक्तिगत स्वार्थबाट अभिप्रेरित रहेछ भन्ने उदागङ पारे हाम्रा नेताहरूले । विकृति र विसगंतिलाई प्रश्रय दिने, राष्ट्रय ढुकुटीमा खेलवाड गर्ने, भ्रष्टाचार र तस्करीलाई राजनीतिको आधार बनाउने र देश विकासको गतिलाई पछाडि धकेल्ने जस्ता अनेकौ कुकृत्यले राजनीतलाई धमिलो बनाएर माछा मार्न थालियो । २०६२/६३ को जनआन्दोलनबाट लोकतन्त्र आएपश्चात् पनि राजनीतिको परिदृश्यमा कुनै फेरबदल आउन सकेन । विशाल जनशक्तिको संघर्षबाट राजनीतिक परिवर्तन आएको अवस्थामा पनि मनपरितन्त्र र दण्डहीनताले छुट पाइराख्ने वातावरण झनै मौलाएर गयो । संविधान सभाको दुई कार्यकाल एवं झण्डै एक दशकको रस्साकस्सीपछि २०७२ सालमा हात लगेको संविधानपश्चात् अब विगतमा जस्तो अस्थिरता दोहरिने छैन भनी ढुक्क रहने अवस्था आउन सकेन । अल्पमत र अस्थिर सरकार हुँदाका बेतिथिको भोगाइबाट प्रताडित मतदाताले एमाले र तत्कालीन माओवादी केन्द्रको 'प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन २०७४ को साझा घोषणा पत्र' मा गरिएको प्रतिबद्धताअनुरूप उत्साहित भएर झण्डै दुई तिहाइको मत दिएकै हुन् । पाँच वर्षका लागि कुनै बाह्य बाधा अवरोध सरकार सञ्चालनको अवसर हुँदाहुँदै पनि आधाउधी समय बाँकी हुँदै पतनको बाटोमा पुग्नु देशकै इतिहासमा एक अर्को राजनीतिक दुर्घटना थियो । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा पनि कसैको एकल बहुमत आउन नसक्दा थप निराशा चुलियो । सरकार ढाल्ने र टिकाउने गठबन्धन संस्कृतिमा देखिएको चरम विकृतिले निरन्तरता पाइरहेपछि अन्ततोगत्वा 'जेन-जी' विद्रोह निम्तिन पुग्यो । उक्त विद्रोह इतिहासकै फदयविदारक रह्यो । आमजनमानसमा सरकारले विगतका कमी कजोरीलाई दूर गर्दै इमान्दारी र पारदर्शी तवरले काम गरोस् भन्ने हुन्छ । मुख्य त नेताहरूको कर्यशैली, सोच र व्यवहारमा सुधार भएन भने थप परिवर्तनको अपेक्षा गर्नु व्यर्थ हुन्छ । अब देशको राजनीतिलाई सदैव सङ्लो बनाउने अभिभारा राष्ट्रिय स्वतन्त्र पार्टीको काँधमा आएको छ । विगतमा नेपालको राजनीति के कति कारणले धमिलिएको थियो ? यसका बारेमा सबैलाई जानकारी भएकै हो । राजनीति भनेको राज्यको शासन व्यवस्थासम्बन्धी नीति हो । राजनीतिका मुख्य पात्रका रुपमा दल र तिनका नेताहरू हुन । सर्वप्रथम दलको दृष्टिकोण स्पष्ट हुनुपर्छ । सत्तालाई दलाली गरेर खाने थलो नबनाई जनताको भलाइ र देशको दीर्घकालीन हितमा जिम्मेवार भइ कार्य गर्नुपर्दछ दलहरूले । यसैगरी दलको नेतृत्व कस्तो छ भन्ने कुराले पनि विशेष अर्थ राखदछ । नेतृत्वमा सदैव नैतिकवान, इमान्दार, दूरदर्शी र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्ने गुण हुनु अपरिहार्य छ । अरूलाई अर्ती उपदेश मात्र दिने आफूले भने असल आचरणको पालना नगर्ने नेताले एउटा दललाई मात्र हैन, समाजलाई नै प्रदूषित तुल्याउँछन् । तसर्थ, पाँच वर्षका लागि सरकारको जिम्मेवारी सम्हाल्ने अवसर पाएको दलले विगतबाट पाठ सिकेर आगामी दिनमा अन्य दलहरूले गरे जस्तै जनमतको अपमान नहोस् भनी हेक्का राखेर काम गर्नुपर्ने हुन्छ । निश्चय पनि मुलुकमा सङ्लो राजनीति कायम राख्नको लागि बहुआयामिक सुधार आवश्यक छ । पहिले त राजनीतिक दलहरूभित्र नै आन्तरिक लोकतन्त्रको सुदृढीकरणको आवश्यकता छ । नेपालमा बामपन्थी पृष्ठभूमिका दलहरूको कुरै छाडौँ, प्रजातान्त्रिक पृष्ठभूमिको दलले समेत आन्तरिक लोकतन्त्रलाई पूर्णरूपले आत्मसात गर्न सकेन । दलभित्र प्रश्न गर्न छाडिए । दलभित्र सधैँ 'हवस् प्रवृति' हाबी भयो । बैठक र महाधिवेशनहरूलाई औपचारिकतामा सीमित गर्ने संस्कृतिको विकास गरियो । नेतृत्व पंक्तिमा दशकौँसम्म एउटै अनुहारको हालीमुहाली हुँदा पुस्तान्तरण हुन सकेन । फलस्वरूप दलमा युवा पुस्ताको प्रवेश निषेध हुँदा दलहरूमा सँधै पुरानै ढर्रा कायम भयो । नयाँपन र नयाँसोचको अभावमा दलहरू समयको प्रवाहअनुरूप चल्न सकेनन् । रास्वपाले आफ्नो वाचापत्रमा पुस्तान्तरण सुनिश्चित गर्न पार्टी प्रमुख पदमा दुई कार्यकालभन्दा बढी नपाउने व्यवस्था गरिने भनी उल्लेख पनि गरेको छ । लोकतान्त्रिक मुलुकले यसलाई आत्मसात गर्नैपर्छ । देशको कार्यकारी प्रमुखको हकमा पनि दुई पटकभन्दा बढी हुन नपाउने व्यवस्था गरिनुपर्दछ । विगतमा पनि कार्यकालको सम्बन्धमा कसिलो नियम नबनाइएको हैन । तर, नेतृत्व गर्नेको कार्यकाल सकिन लाग्दा खुकुलो बनाउन कार्यकर्ता साजिलो बनिदिने भए । अब दलगत लोकतन्त्रलाई संस्थागत गर्ने मामलामा रास्वपा कति अडिलो हुन्छ, समयले बताउला । अर्कोतिर, राजनीतिलाई सङ्लो बनाउने कार्यमा सदाचार महत्त्वपूर्ण पक्ष हो । इमानदारी, अनुशासन, पारदर्शिता, जवाफदेहिता, उच्च नैतिक आचरण नै सदाचारका मुख्य अवयवहरू हुन । सदाचारले सुशासनको आधार तयगरी कार्यासम्पादनमा उत्कृष्ट नतिजा दिलाइ सरकारप्रति नागरिकको विश्वास र प्रतिष्ठा उचो बनाउँछ । यसले सामाजिक सद्भाव र एकता कायम गर्दै अन्तत्वगत्वा राष्ट्रिय विकासमा योगदान पुऱ्याउँछ । अबको सरकारको प्रमुख चुनौती भनेको वर्षौंदेखि गाँजिएर बसेको भ्रष्टाचारको जरा उखेल्ने । भ्रष्टाचारको आहालमा उच्चपदस्थ राजनीतिक पदाधिकारीहरू नै डुब्दा देशले हदैसम्मको बदनामी भोग्नुपर्ने अवस्था आयो । सरकार राजनेताले चलाउनेभन्दा बिचौलियाले चलाउने गरेको सुन्न थालियो । नागरिकले शुल्क तिरेर लिन पाउने सेवामा पनि 'अतिरिक्त दस्तर' बुझाउनुपर्ने बाध्यता बढ्दै गयो । देशमा नातावाद/कृपावाद हदैसम्म मौलायो । देशमा चोरतन्त्र (क्लेप्टोक्रेसी) राज चल्न थाल्यो । राजनीतिक आवरणमा जुनसुकै अपराधको पनि संरक्षण गर्न सकिने भयो । फाइल आवश्यकता अनुसार खुल्ने र बन्द गरिने परिपाटी बस्यो । राज्यका सम्पूर्ण संयन्त्रहरू भ्रष्ट भए । खिया लागेर जाम भयो । क्षमतावान र इमान्दार मान्छेका स्वर मलिन हुनपुग्यो । राज्यका कुनै पनि निकायहरूले स्वतन्त्रपूर्वक काम गर्नसक्ने अवस्था रहेन । तसर्थ, अबका दिनमा 'मेरिटोक्रेसी'ले काम गरोस । राजनीति र कर्मचारीतन्त्रले एकअर्कालाई दोष दिएर उम्किने प्रबृति नहोस् । 'म भ्रष्टाचार गर्दिन, अरुलाई पनि गर्न दिन्न' भन्ने शब्द सुनिने मात्र नभै अनुभुत गर्ने खालको होस । राजनीतिको मूहान सङ्लो भए तलतिर पनि सङ्लो पानी बग्छ । मन्त्री आफैँ दौडधुप गरेर, दिनैपिच्छे निर्देशन दिएर वा स्ट्याटस लेखेर काम हुने हैन । राज्यका सबै संयन्त्र अरु राजनीतिक हस्तक्षेत्र बिना, नीति/विधि सम्मत र स्वतस्फूर्त तवरले चल्ने वातावरण बानाउनु पऱ्यो ।

कुनै पनि निर्णय लिदा पर्याप्त गृहकार्य र बहस चलाउँदा दिगो हुन्छ । सरकार र राजनीतिक दलको कामकाजलाई खवरदारी गर्ने जिम्मेवारीमा नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुन्छ । विगतका राजनीतिक परिवर्तनमा नागरिक समाज शसक्त रुपमा प्रस्तुत हुनेगरेकोमा अघिपछि भने त्यति उत्साहप्रद देखिएन । जब नागरिक समाजमा राजनीतिक गन्ध आउँछ त्यो सही मानेमा नागरिक समाज हुन सक्दैन । दलहरूले निरन्तर चलाएका बेतिथिविरुद्ध नागरिक समाज निरीह बनिदिँदा 'जेन-जी'हरू आजित भएर सुशासनको लागि सडकमा ओर्लिन बाध्य भए । 'जेन-जी'को उद्देश्य खबरदारी गराउने थियो तर अपसोच, उक्त प्रदर्शन हिँसात्मक बन्न पुग्दा अकल्पनीय दुर्घटना निम्तिन पुग्यो । त्यसैगरी सञ्चार माध्यमले पनि अबको दिनमा कुनै 'वाद' को पक्षपोषण नगरी स्वतन्त्र र निष्पक्ष पत्रकारितामा जोड दिन आवश्यक छ । पेशाकर्मी तथा बुद्धिजीवीहरूले पनि कुनै दलको झण्डा बोक्नुभन्दा स्वतन्त्र र मार्यादित पेशा अपनाउँदा यो देशको भलो हुन्छ । डाक्टर, इन्जिनियर, वकिल, पत्रकारका अगाडि कांग्रेस/कम्युनिष्ट जस्ता विशेषण थपियो । रास्वपाका नवनिर्वाचित सांसदहरूका लागि हालै आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा अध्यक्ष रवि लामिछानेको समापन मन्तव्यले निश्चय नै प्रशंसा बटुलेको छ । उनले भनेका थिए, 'यदि 'म' केन्द्रित राजनीतिबाट माथि उठेर देश केन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो अवस्था पुराना राजनीतिक दलका नेताहरूभन्दा पनि बदतर हुनेछ ।' उनले व्यक्त गरेको यो विचारलाई रास्वपाका सबै नेताहरूले आत्मसात गर्न सके आगामी दिनमा राजनीति सुधारतर्फ अग्रसर हुने अपेक्षा गर्न सकिन्छ । रास्वपाको वाचापत्र अब 'जेन-जी' सहिदहरूको रगतले समेत लतपतिएको छ । विगतका जस्ता गल्ती दोहोऱ्याउने छुट अबको नेतृत्वलाई छैन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसरहरू मिल्नेछन्। कार्यक्षेत्रमा शत्रुहरू सक्रिय रहनेछन्। | **तुला** : व्यवसायमा समस्या पर्न सक्छ। अवसरवादीहरूबाट सावधान रहनुहोला। |
| **वृष** : कार्यक्षेत्रमा सोचे अनुरूप सफलता मिल्नेछ। नयाँ अवसरहरू फेला पर्नेछन्। | **वृश्चिक** : शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : पिताको साथ र सहयोग मिल्नेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। | **धनु** : इष्टमित्रहरूको सहयोग मिल्नेछ। पारिवारिक सद्भावमा कमी आउनेछ। |
| **कर्कट** : कार्यहरू सजिलै सम्पादन हुनेछन्। नेतृत्व क्षमता प्रकाशमान हुनेछ। | **मकर** : नयाँ अवसर खोज्ने समय रहेको छ। असम्भव कार्यलाई पनि सम्भव पार्न सकिनेछ। |
| **सिंह** : राजनीतिक क्षेत्रमा सक्रियता बढ्नेछ। आध्यात्मिक क्षेत्रमा मन रमाउनेछ। | **कुम्भ** : सञ्चित धनमा वृद्धि हुनेछ। सहयोगी र शुभचिन्तकहरूले साथ दिनेछन्। |
| **कन्या** : जीवनशैलीमा परिवर्तन ल्याउन सक्नुहुनेछ । कार्य गर्ने समय रहेको छ। | **मीन** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। कानुनी मामलाहरूमा पक्ष मजबुत रहनेछ। |

# साहित्य दर्पण

कथा — मनिश कुमार शर्मा

## धर्म नछाड्नु है

'बाबु आफ्नो धर्म नछाड्नु है' मृत्यु श्यैयामा रहेको उनका बाले बोलेको अन्तिम शब्द ...। साँच्चै सापकोटा बाले तन, मन, वचन र कर्मले अहिले सम्म धर्म छाडेका छैनन् । समाजको मुल्य मान्यतामा उनी कहलिएका पण्डित । धर्मशास्त्र, रीतिरवाज, धर्मकर्ममा पारङ्गत अझ धुरन्धर पुराणवाचक । पुराण पाठ गर्न त टाढा टाढाबाट बोलावट हुन्थ्यो उनलाई । पुस्तैनी सम्पत्तिले घर परिवार खानदानी थियो । लोभ लालच थिएन । दानदक्षिणा दिन माहिर थिए । गाउँघर छरछिमेकमा आपत विपत्‍मा सधैं अगाडि हुन्थे । त्यही भएर छरछिमेक, गाउँले उनी प्रति नतमस्तक हुन्थे । प्रत्येक मानिसमा एउटा न एउटा अवगुण हुन्छ भने झैं उनलाई पनि आडम्बरी आवरणले थिचेको थियो ।

पुरातनवादी र परंपरावादीका नाममा थिचिएर छोइछिटो तथा जातीय विभेदलाई पुर्ख्यौली पहिचानको रूपमा स्विकार गर्दै आएका थिए । सापकोटा बा, उमेरले छ दशक छोएको । परिवारमा श्रीमती, एक छोरा एक छोरी । परिवार प्रति उत्तरदायित्वबोध । छोराछोरीलाई समान शिक्षा दिएका थिए । संस्कारि शिक्षामा आफ्नो आडम्वरलाई लादि हाल्थे । तर उनको संस्कारि पाठलाई छोरीले आत्मसात् गर्न सकिनन् । छोरीको छेत्रीय जातको युवकसँगको बहिर्गमनले उनका घर आगन चारदिवार जुठो पारेको थियो । धेरै समय सम्म उनी हीनता, छटपटी वा पीडाले घेरिएका थिए । छोरीको पुनरागमनको ढोका सदालाई बन्द गरिदिएका थिए । छोरालाई उच्च शिक्षाको लागि बनारस पठाएका थिए । उनलाई छोरा प्रति पूर्ण विश्वास थियो । छरछिमेकमा छोराको गुणगान खुब गाउँथे । आफ्नो पुर्खौली पेशाको अनुकरण गर्ने कुरामा उनी ढुक्क थिए । श्रीमतीको त झन के कुरा, पतिव्रता नारीको ज्वलन्त उदाहरण । पतिदेवको कुनै पनि कुराको प्रतिवाद गर्दिन थिईन् । उनि पनि असाध्धै माया गर्थे । पत्नीलाई कहिल्यै पनि हेयको दृष्टिकोणले कहिले पनि हेरेनन् । छोरीसँगको बिछोड पछि निकै गल्दै गएकी थिईन् । सायद त्यहि वियोगमा शरीरमा एक पटक हृदयघात भयो । त्यस पश्चात उनी सधैं साथ हुन्थे । कतै जादा पनि प्राय साथै हुन्थिन् । असारको महिना खेतिपातीको चटारो । सापकोटा बा बेंशी तिरको खेतको चाँजोपाँजो मिलाएर घर फर्कदै थिए । बाटोमा पल्ले गाउँको काँईलो मुखिया भेट भए । काँईलो मुखिया.... जसलाई भरअबरमा सापकोटा बाले ठुलो गुण लगाएका थिए । 'ओहो ! काँईला कता बाट आज एता तिर ?' 'ए बाजे ढोग गरें है । यसो माथि सानकान्छाकाँ । भोलि खेतला लगाउनु छ । सहयोग गर्छ कि भनेर । अनि बाजे कता पुगेर आउनु भएको ?' पसिना पुछ्दै काँईलो मुखियाले भने । 'म पनि तल बेंशी सम्म । अनि घर तिर सब ठिक छन् हैन त ?' 'सबै वेस छन बाजे तर...' बोल्दा बोल्दै मुखिया टक्क अडियो । भनु कि न भनु जस्तो गरि पक्क परेर हेर्‍यो । 'के तर भन् न मुखिया पैसोसैसो को अखट्टै छ भने भन् ।' 'त्यस्तो केही छैन बाजे । मैले त बाजेको छोराको पो के के जाति गाईगुई सुनेको छु ।' 'हैन के भन्छ यो ? प्रष्ट भन् न के भो छोरोलाई ।' अलि आत्तिएको स्वरमा सोध्छन् । 'खै बाजे मैले त सुनेको कुरा । विश्वास त छैन । तर हाम्रा गाउँ तिर निकै हल्ला छ तपाईको छोरो पढ्न छाडेर खै को केटीसँग बसेको छ रे' मुखियाको कुरा सुनेर सापकोटा बाको अनुहार निचोरेको कागति जस्तो देखिन थाल्यो । 'सुनेको कुरा हो नहुन पनि सक्छ । तैपनि छोरा मोराको भर हुन्न भन्छन् । विचार गर्नु है बाजे ।' यति भन्दै मुखियाले आफ्नो बाटो ततायो । सापकोटा बालाई भाउन्न भयो । उनको मनमा काँईलो मुखियाले भनेका शब्द अक्षरस घुमिरहे । मन उकुसमुकुस भयो । तर्कना सिवाय दिमाग शुन्यप्राय थियो । भौंतारिदै कति खेर घर पुगे पत्तै भएन । घर पुगेर सरासर खाटमा गएर उत्तानो परे । सधैं बाहिरबाट घर छिर्दा हातखुट्टा नधोई नछिर्ने बुढालाई देखेर श्रीमती अचम्भित थिइन् । 'किन सन्चो भएन कि के हो ?' चियाको गिलास खाट नजिकैको टेबुलमा राख्दै उनी बुढाको निधार छाम्न थाल्छिन् । 'हँ केहि भएको छैन ।' शून्यबोध बाट झस्कदै उनले जवाफ दिए । 'आज अलिधेरै दौडधुप भएछ साह्रै थकाई लागेछ । 'झुटो मुस्कान छर्दै उनले भने । 'अनि तैंले औषधी खाईस त ?' कुरा अन्तै मोड्न चाहे । 'खाएँ । कत्ति खानु त्यो पनि ।' एकोहोरो बुढा तिर हेर्दै बोलिन् । लाग्थ्यो बुढाले उनलाई कुरा लुकाइरहेका छन । 'ल म गएँ भान्छा तिर । तपाई आराम गर्नुस् ।' 'बुढी हप्ता दस दिनको लागि म बाहिर जादै छु । मेरो लत्ताकपडा ठिक पारिदे है ।' बेलुका खानाको गाँसहाल्दै अचानक बुढाले भनेको कुरा सुनेर बुढी चकित थिइन् । 'हैन के भयो आज बुढालाई घर आए देखि न्याउरो छन । फेरि भोलि नै हिड्ने भन्छन् । पहिला पहिला त कतै जानु पर्दा दुईचार दिन अघि नै जानउ दिन्थे । के भयो भनेर सोध्दा पनि के जवाफ दिदैनन् । खै...' एकोहोरो सोच्न थालिन् । श्रीमती एकोहोरिएको देखेर बुढाले कुरा थप्दै गए यो पटक अलि अपर्झट भयो । केही चिन्ता लिनु पर्दैन तल्ला घरकी कान्छीलाई साथी बोलाउनु । भरसक म चाडैं फर्कन्छु । भोलिपल्ट तल्ला घरकी कान्छीलाई बुढीले खाने औषधी र अन्य काम कुरा बताएर बुढा लागे बनारस तिर । बनारसको सम्पूर्णानन्द संस्कृत विश्विद्यालय, जहाँ उनको छोरो अध्यनरत थियो । त्यहाँ गएर छोराको खोजिनिती गरे तर उस को अत्तोपत्तो थिएन । छोरोसगैं पढ्ने छात्रावासको एक नेपाली सहपाठीलाई सोधे । 'खै बुबा के भन्नु ? के भएर मति बिग्रेको हो ? अहिले त दार्जिलिङ् तिरको गुरुङ्नीको कोठामा बसेको छ । कति सम्झाए सकिन ।' बुढा छांगा बाट खसे झैं भए । मन भत्‍रुभति पोलेर आयो । हतास मुद्रामा भने 'अहिले कहाँ बसेको छ त ?' 'हिड्नुस म कोठा देखाइ दिन्छु ।' उनीहरू त्यहाँ पुग्दा झण्डै रात छिप्पिन लागेको थियो । 'ल बुवा उ त्यहि हो घर । त्यसको दोस्रो फ्ल्याटमा बस्छन उनीहरू । म चाहिँ बिदा हुन्छु एतै बाट ।' यति भन्दै उ लस्किहाल्यो । सायद कुनै पनि विवादमा पर्न चाहदैनथ्यो । भारी र त्रसिद मनले सापकोटा बा ढोका ढ्कढकाउछन् । ढोका खुले पछि आएको चुरोट र रक्सीको मिश्रित गन्धले बा को दिमाग खलबलिन्छ । नाक मुक एकैचोटी बिगार्छन । ढोका खोल्ने उनकै छोरा थियो । हातमा चुरोट र मदिरा सहितको सिसाको गिलास । सामुन्ने बाको अकस्मातको उपस्थितिले छोराको हातबाट एकाएक मदिराको गिलास भुईमा झरेर चकनाचुर भयो । उसको लागि बाको उपस्थिति अप्रत्यासित थियो । अकल्पनिय, अविश्वसनीय थियो । 'बुवा...' त्यो भन्दा बढि शब्द केही पनि बोल्न सकेन । 'के भयो प्यारा ?' पछाडिबाट एक नारी ध्वनि आयो । सापकोटा बा ती नारीलाई निहार्छन् । शरीरमा लेसमात्रको पहिरन । सापकोटा बाको भाउन्न छुट्यो । मन मात्र हैन तन पनि त्यहाँ एकछिन टिकिरहन सकेन । फरक्क फर्के । मनको कुनै कुनामा सुषुप्त रहेको बिगतको पीडामा फेरि आगोको लप्कोले भेटेको थियो । सुमधुर सपनामा कुठारापात भईसकेको थियो । चिनजान, मित्र, आफन्तरूको झुण्ड, बन्धुत्वले हेपाई, गाली, तिरस्कार, खिसिट्युरी गरेको आँखामा झल्झलि नाच्न थाल्यो । मनको वायुमण्डलमा कालो कालो धुवाँ आकाशिन थाल्यो । हीनता, छटपटी र पीडाले घेरिए । अब बाँच्नुले के अर्थ राख्यो र ? सबै सँग तिरस्कृत हुनु भन्दा त यतै देह त्याग गर्ने विकृत सोच पलाउन थाल्यो । सिधै गंगाको तीर तर्फ लागे । गंगा नदी हिन्दु धर्मको प्राण । महाशक्ती धार्मिक मान्यता अनुसार अधर्मीको पनि पाप पखाल्ने । त्यहीं गएर आफ्नो पाप पखाली इहलिला समाप्त विचार गरे । नदीको किनारामा पुगेर भक्कानिएर रोए । अब यो घृणालाई अब अवसरमा परिणत गर्नेछु । आउने जुनसुकै परिवेशलाई पनि आत्मशात गर्नेछु । एक मार्गबोधी भएर प्रस्तुत हुनेछु । धरमरिएको, कमजोर भईसकेको आत्मालाई आत्मविश्वासले दृढ बनाए । अन्तरआत्माले गंगा नदीलाई प्रणाम गरे । सेतो छालाभित्रको कालो मन, कालो सोचलाई गंगामा तिलान्जलि दिएर रेल्वे स्टेसन तिर लागे । ढोका ढकढकाए । साथी आएकी कान्छीले ढोका खोली । 'ए बा पो आउनु भएछ । ढोग गरे बा ।' कान्छीले सापकोटा दम्पतीलाई सधैं बा आमा भनेर नै सम्बोधन गर्थी । 'तँ सुतेकी छैनस ?' आशिष दिने भावमा हात कान्छीको शिरमा राख्दै बा ले सोधे । 'पढ्दै थिएँ अब सुत्ने' 'अनि आमा खै त ?' 'माथि सुत्नु भएको छ ।' 'ल सुत नानी तँ पनि । रात धेरै छिप्पिसक्यो बा माथि उक्लदै भने । माथि कोठामा पुगेर एकटकले श्रीमतीलाई हेरे । 'कति खेर आउनु भयो तँपाई ?' आश्चर्य भावमा बुढालाई हेरिन् । 'भर्खरै हो' कपडा फेरेर सुत्ने तरखर गर्दै भने 'ल सुत तँ पनि भोलि बिहान कुरा गरौंला' बुढीले बिहानको नित्यकर्म सकिसकेकी थिईन् । बुढा अझै उठेका थिएनन् । 'ए सानीको बा अब उठ्ने हैन ?' बुढालाई झकझकाईन् । 'ओहो ! कस्तो निदाइएछ ।' बुढा आँखा मिच्दै थिए । यस्तो लाग्थ्यो निद्रा अझ पुगेको छैन । घडी हेरे आठ बजिसकेछ । हत्त न पत्त उठे । पूजाकोठाको एक भित्तामा रहेको बाको ठुलो फोटो फ्रेममा नतमस्तक भए र मनमनै गुनगुनाए म मानविय धर्म कहिल्यै छाड्ने छैन बा...' त्यतिन्जेल सम्म बुढीले चिया लिएर आईसकेकी थिईन् । 'बुढी एउटा कुरा भनु है ? विश्मित आँखाले बुढा तिर पुलुक्क हेर्छिन् । 'यसपालि छोरीलाई तीजमा बोला है । बुढाका यी शब्दहरु अप्रत्यासित र अकल्पनिय थियो उनलाई । केही बोलिनन् । स्विकृतिको अभिव्यक्ति आँसुको अश्रुधाराले दिईन् । बुढालाई च्याप्प अंगालो हालेर धेरै बेर सम्म रोइरहिन् ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — दिनेश पौडेल

## हामी किन यति बेचैन ?



'अल टाइम इज फ्री टाइम, एभ्रिवान इज अ डक्टर ।' भारतको कुनै टिभी कार्यक्रममा भारतीयहरूको चरित्रको बारेमा यो वाक्यांश भनिएको थियो । म देख्छु, यो वाक्य नेपालीको बारेमा पनि हु-बहु लागू हुन्छ । नेपालमा डाक्टरबाहेक सबैलाई रोग र औषधि थाहा छ । इन्जिनियरबाहेक सबैलाई घरनक्सा, पुल, सडक बनाउन आउँछ, शिक्षकबाहेक सबैलाई पढाउन आउँछ, न्यायाधीशबाहेक सबैलाई न्याय गर्न आउँछ, पुलिसबाहेक सबैले अपराधी चिनेका छन् । नेतालाई अझ सबैथोक आउँछ । यसै भएर यसमाथि अलिकति घोत्लिन लागेको छु म आज । केही वर्षअघि अर्थात् २०६८ सालतिरको कुरा, मेरो स्वरमा समस्या आयो । डाक्टर विज्ञलाई देखाएँ, उनले एक महीना पूर्णरूपमा 'भ्वाइस रेस्ट'मा बस्न भने । मैले त्यो एक महीना एक शब्द पनि उच्चारण नगरी बिताएँ । इसाराले हाटबजार गरेँ, इसाराले भेटघाट र कामकाज गरेँ । स्कुलको शिक्षक थिएँ म उसबेला, शैक्षिक सामग्री बनाएर, उपलब्ध विभिन्न श्रव्यदृश्य सामग्री प्रयोग गरेर, बोर्डमा लेखेर र छलफल गराएर एक महिना चुइँक्क नबोली पढाएँ । आफन्तजन, साथीभाइ र चिनारुहरू मेरो स्वरमा आएको समस्याको बारेमा चिन्तित हुनुहुन्थ्यो । अनि आफूले जानेको औषधि सिकाउनुहुन्थ्यो । कति जनाले घरमा भएको कुनै जडीबुटी ल्याइदिनुहुन्थ्यो र त्यो कसरी तयार गर्ने, कहिले र कसरी खाने, विधिसमेत सिकाउनुहुन्थ्यो । त्यसबेला मैले थाहा पाएँ मेरो सहरको सडकमा हिँड्ने सबै मान्छे डाक्टर रहेछन् । कोहीचाहिँ त्यस्तै समस्यामा परेको उहाँहरूको कुनै आफन्तले दमकको एउटा डाक्टर, उता भद्रपुरदेखि कतापट्टिको गाउँको एउटा जान्ने, काठमाडौंको कुनै महँगो निजी अस्पताल वा अर्को के छ तुरुन्त सिफारिस गर्नुहुन्थ्यो ।

कोही चतरा जान र फलानाजी महाराजबाट यसको औषधि माग्न भन्नुहुन्थ्यो । अनि भन्नुहुन्थ्यो- 'च्वाट्टै निको हुन्छ ।' उहाँहरूसित भेट हुँदा मलाई सल्लाहको भारीका कारण अत्यन्त सकस हुन्थ्यो । म आफूले गर्दै गरेको उपचारको बारेमा लेखेर बताउँथेँ, अनि लेख्थेँ- 'हजुरको सल्लाह मनासिब छ, तर अहिले म घोपाको 'भ्वाइस स्पेसलिस्ट' अर्थात् स्वरयन्त्र विशेषज्ञको सल्लाह मानिरहेको छु । हेरौं न कस्तो हुन्छ ...।' अर्को हप्तातिर पुन: भेट भइहाल्थ्यो । अनि सुरु हुन्थ्यो उपदेशको वर्षा- 'मैले दिएको औषधि खाइरहनुभएको छ नि ! ठीक भयो ?' वा 'त्यति जान्ने डाक्टरको नाम सिफारिस गरेको, तपाईं कस्तो मान्छे ? चुप लागेर बस्ने हो ? के नपुग्दो छ तपाईंलाई ? गइहाल्नोस्, पैसा छैन भने हामीलाई भन्नोस् । कि आफू जान्नू, कि भनेको मान्नू !' एक महिना मौन बसेपछि मेरो समस्या समाधान भयो । अनि अर्कोपल्ट जनैखटिराको समस्या देखियो । मैले तत्काल इन्टरनेटमा यसको कारण, लक्षण, परिणाम र समाधानको बारेमा खोजी गरेँ । म त्यसबेला डाक्टरहरूको एउटा अन्तर्राष्ट्रिय पेसागत सङ्गठनको पर्यवेक्षक सदस्य थिएँ, 'मनोविज्ञान' पढेको नाताले । त्यस सङ्गठनको वेबसाइटमा आफ्नो समस्या राखेँ । नाइटोवरिपरिको रातो भागको फोटो, लक्षण आदि सबै राखेँ । विशेषज्ञहरूले औषधि सुझाए । स्थानीय बजारमा ती कुनै औषधि पाइने रहेनछन् । बल्लबल्ल एउटाचाहिँ पाइयो- 'क्यालामाइन लोसन' । त्यसैले ठीक हुन्छ भनेका थिए । त्यो छालामा लाउने सामान्य औषधि हो र त्यसले 'इन्फेक्सन' हुनबाट रोक्ने मात्र हो । केही दिन त्यो लगाएपछि साँच्चै ठीक भयो । म दुई दिनमात्र स्कुल जान नसक्ने गरी बिरामी परेँ । लगभग पन्ध्र दिनमा पूरै ठीक भयो । जनैखटिरो भनेपछि कति पीडाजनक हुन्छ, मैले भनिरहनुपर्दैन । यसका कैयौँ बिरामी महिना दिनसम्म रोएको र अझ केहीलाई त वर्षौं पछिसम्म यसको पीडा नहटेको पनि देखेका छौँ । कति बिरामीलाई काठमाडौँ, सिलिगुडी, दिल्ली वा भेलोरसम्म दौडाएको पनि देखेका छौँ । तर बेलैमा उपचारमा लागेकाले खासै ठूलो समस्यामा परिनँ, बचेँ । फेरि यसपल्ट अर्को समस्यामा परेको छु । मोटरसाइकलबाट लडेर देब्रे गोडो भाँचियो । सुरुमा मलाई सामान्य मर्केको होला भन्ने लाग्यो । नजिकैको निजी अस्पतालमा पुगेँ । विशेषज्ञ डाक्टरले एक्स-रे गराए, हेरे, जाँचे, छामे अनि भने- 'हड्डी भाँचिएको रहेनछ ।' हाफ प्लास्टर गराएर घर पठाए । डाक्टरले भने- 'दुई हप्तामा आउनू । हामी प्लास्टर खोलिदिन्छौँ । एक्स-रे हेरौँला त्यतिखेर फेरि ।' घटना सुनेका निकै आफन्त, चिनारु र शुभचिन्तक आउनुभयो । कसैले तुरुन्त धरानको घोपा जान, विराटनगरको नोबेल जान, काठमाडौँको मेडिसिटी वा अर्को अस्पताल जान सुझाउनुभयो । कसैले उहाँको फलाना नेतासित सम्पर्क छ, तिनलाई भनेर डाक्टरसँग भेट्नुपर्छ भन्नुभयो । कसैले झापाको निताई, कसैले लाहानको कुनै आयुर्वैदिक डाक्टर त कसैले धनकुटाकी कुनै बूढीबजूको नाम लिनुभयो । सबैमा दृढ विश्वास थियो, आफूले जानेको उपाय सर्वोत्तम हो । 'यसरी चुपचाप घरमै बसेर हुन्छ ? गइहाल्नोस् काठमाडौँ । म मेरा भान्जालाई भनेर फलानो विशेषज्ञ डाक्टरसँग अपोइन्टमेन्ट मिलाइदिन्छु ।' कसैले भन्नुभयो । मैले सबैका कुरा सुनेँ । तर मैले आफूले देखाएको विशेषज्ञ डाक्टरको सल्लाह मानेँ । दुई हप्तापछि मैले सोचेँ- 'नभाँचिएको ठाउँमा किन एक्स-रे गर्ने ? प्लास्टर त म आफैँ खोलिहाल्छु नि !' प्लास्टर खोलेँ । हल्का सुन्निएको देखियो । केही दिन अरू पर्खेँ, सुधार देखिएन । चोट लागेको होला नभाँचिए पनि, मलाई लागिरहेको थियो । तर सुधार कत्ति पनि देखिएन । छक्क परेँ । अरू केही दिन बैसाखी नटेकी यताउता हिँडेँ । गोडो खोच्याउँदै । समस्या सुधार भएन । बरु सुन्निन पो थाल्यो । अनि सुरु भयो अस्पतालको यात्रा । विराटनगर दौडेँ । विशेषज्ञ डाक्टरलाई देखाएँ । एक्स-रे गराए । हेरे । 'भाँच्चिएको छ ।' ती डाक्टरले भने । 'यहाँ त भाँच्चिएको देखिएको छैन । यस एक्स-रेमा के गल्ती भयो ?' मैले पहिलेको एक्सरे देखाएर डाक्टरलाई सोधेँ । 'तपाईंकै हो र यो ?' उनले भने । मैले हो भनेँ । 'त्यसोभए यसबीच तपाईं फेरि एक्सिडेन्टमा पर्नुभएको रहेछ । यो एक्स-रे क्लियर छ, यसमा त भाँचिएको देखिँदैन ।' उनले पहिलेको एक्सरे राम्ररी हेरेर भने । म यसबीच खासै कतै गएकै छैन, गए पनि बिस्तारै खुट्टो खोच्याउँदै होसियारीसँग हिँडेको छु । कसरी यसबीच भाँच्चिन्थ्यो र ? 'प्लास्टर लाउने कि स्टिल ? स्टिल लाए ढुक्क । मै लाइदिन्छु ।' तिनले भने । 'प्लास्टर लगाऊँ होला, अपरेसन गर्नुभन्दा त ।' मैले भनेँ । अनि प्लास्टर लाएर थप छ हप्ताका लागि पुन: घरमा थन्किएको छु । यसबीच फेरि आफन्त र चिनारुहरू उसैगरी आउनुभयो । मेरो चोटको बारेमा उहाँहरू चिन्तित भएकैले त्यति टाढाटाढाबाट धाएर आउनुभएको हुन्थ्यो । उहाँहरूले मलाई राम्ररी सम्झाउनुभयो । खर्च गर्न नडराउन, परेमा सहयोग गर्न तयार छु भन्नुभयो । भद्रपुरतिरबाट मालिस गर्ने तेल र औषधि पठाइयो । लक्ष्मीमार्गबाट कुनै हरिया पात पठाइयो, खानुपर्ने । इटहरीकै आफन्तले शिलाजित, काँचो सिम्रिक र अरू अनेक पहाडी जडीबुटी किनाउनुभयो । ताप्लेजुङबाट आउनुहुँदा एक जनाले हडचुर र केके ल्याइदिनुभयो । कसैले भरेदेखि चिप्लेकीरा खानुपर्छ भन्नुभयो । कसैले चौँसुर प्रतिदिन खान भन्नुभयो । कसले अझ केके । म चुपचाप सबैको गिनिपिग भएँ । जे-जे भए पनि मान्दै गएँ । दिएको खाएँ, खपीनसक्नु तीता, दुर्गन्धी वा अमिला । खाँदैपिच्छे उल्टी होला कि भन्ने डर हुने । महमा मिसाएर, दूधमा घोलेर भए पनि खाएँ । दल्ने औषधिचाहिँ बाहिर-बाहिर मात्र दलेँ, प्लास्टरभित्रको भागलाई छोइनँ, सुरक्षित राखेँ । सुधार भइरहेको नै होला । प्लास्टर खोल्ने दिन अब थोरै छ । यति गर्दा पनि हाड नजोडिए अब स्टिल हाल्ने भनेका छन् डाक्टरले । म फिक्रीमा छैन । यतिका अस्पताल र डाक्टर हुँदाहुँदै हामी किन यति बेचैन ? किन यति आत्तिएका ? उपचारको नाममा बिरामीलाई दौडाएको दौडायै गरेर हामी बिरामीलाई किन यति दु:ख दिन्छौँ ? आफू पनि किन यति दु:ख पाउँछौँ ?

*-साहित्यपोस्ट डटकम*

# आज विश्व सम्पदा दिवस मनाइँदै




पाल्पा, वैशाख ४/सम्पदाको संरक्षणका लागि जनचेतना फैलाउने उद्देश्यले अप्रिल १८ तारिखका दिन आज विश्व सम्पदा दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संस्था (युनेस्को)अन्तर्गत रहेका विश्व सम्पदा क्षेत्रको संरक्षण गर्ने उद्देश्यले सन् १९८३ देखि यो दिवस मनाउन थालिएको हो ।

दिवसको अवसरमा सम्पदाहरूको संरक्षणलाई लिएर विभिन्न कार्यक्रम, गोष्ठीहरू गर्ने गरिन्छ । विश्व सम्पदाको संरक्षण तथा सम्वर्द्धनका लागि नयाँ पुस्तालाई जागरुक बनाउन यो दिवस मनाउने गरिएको हो । आज नेपालमा प्रकृतिको संरक्षण, पर्यटन, संस्कृति, जैविक विविधता, पर्यावरण लगायतका क्षेत्रमा सरोकार राख्ने सरकारी निकाय र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संघसंस्थाको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिदै छ । दिवसका अवसरमा सम्पदा संरक्षणका आवाज उठ्ने गर्छन् । २०७२ सालको भूकम्पले नेपालका महत्वपूर्ण सांस्कृतिक सम्पदामा क्षति गरेको छ । भूकम्पले ३२ जिल्लाका १ हजार ६ सय सम्पदामा क्षति पुगेको थियो । ती मध्ये अति प्रभावित १४ जिल्लाका ७ सय ५३ सम्पदामा क्षति पुगेको थियो । विश्वसम्पदा सूचीमा नेपालका काठमाडौं, पाटन र भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथ, स्वयम्भू, बौद्धनाथ, लुम्बिनी तथा चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज सूचीकृत छन् । तर यि सम्पदाहरुको उचित संरक्षण र प्रवर्द्धन भने हुन सकिरहेको छैन । सम्पदाहरुको संरक्षणको मुल उद्देश्य भनेको नयाँ पिढीलाई सम्पदाहरु र त्यसका इतिहाँसलाई अवलोकन गर्न मिल्नेगरी जस्ताको तस्तै बचाउनु हो । तर, लोपोन्मुख स्थितिमा पुगेका पुराना कला र ऐतिहासिक सम्पदाहरुको संरक्षणका लागि भने अहिलेसम्म कसैको ध्यान जान सकिरहेको छैन । बहुमूल्य सम्पदाका रूपमा सुचिकृत भएका पुराना स्थान तथा भौगोलिकता नै विश्व सम्पदा क्षेत्रका रुपमा चिनिन्छन् । सन् १९७९ मा पाटन दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर, वसन्तपुर दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, बौद्धनाथ स्तुपा, चाँगुनारायण मन्दिर र स्वयम्भूनाथ विश्व सम्पदा सूचिमा राखिएका थिए । विश्व सम्पदा सूचिमा सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज पनि रहेका छन् । विश्वले नै मान्यता दिएका कुनै पनि सम्पदाहरु देशका मौलिक पहिचानहरु मात्रै हुँदैनन्, तिनले देशको अर्थतन्त्रलाई समेत टेवा दिइरहेका हुन्छन् । सम्पदाहरुप्रति आन्तरिक तथा बाह्य पर्यटकहरुको बढ्दो आकर्षण रहेका कारणले तिनले धेरैको जीवन निर्वाहमा सहजतासमेत प्रदान गरिरहेका हुन्छन् । विश्व सम्पदाका रुपमा सूचीकृत रहेका संरचनाहरुको राज्यले तत्कालै संरक्षण र संवर्द्धन नगर्ने हो भने भोलि आउने पुस्ताका लागि त्यो केवल किताबमा मात्रै सीमित हुने खतरा छ । त्यसका लागि पनि भोलिको पुस्तालाई गौरव र धरोहरका रुपमा रहेका विश्व सम्पदाहरु उस्तै स्वरुपमा हस्तान्तरण गर्ने जिम्मेवारीबाट राज्य चुक्न हुँदैन ।

## अस्पतालहरूमा पनि सातामा...

...यसअघि मन्त्रालयले बिरामी मर्कामा पर्ने भन्दै आइतबार पनि ओपीडी खुला राख्न अस्पतालहरूलाई आग्रह गरेको थियो । तर चिकित्सक संघले त्यसमा असमर्थता जनाएपछि सरकारले आइतबार पनि बिदा कायम गर्ने निर्णय गरेको हो । मन्त्रालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा हप्तामा दुई दिन सार्वजनिक बिदा कार्यान्वयन हुँदा पनि स्वास्थ्य सेवामा कुनै अवरोध नआउने जनाएको छ । अस्पतालहरूमा आकस्मिक र अन्तरंग सेवा भने सधैं झैं २४ घण्टा सञ्चालनमा रहने उल्लेख गरिएको छ । मन्त्रिपरिषद्को गत चैत २२ गतेको निर्णय अनुसार लागू भएको दुईदिने बिदा व्यवस्थालाई ध्यानमा राख्दै बिरामीको निरन्तर हेरचाह सुनिश्चित गरिने मन्त्रालय जनाएको हो । आइतबारका लागि तय भएका शल्यक्रिया (ओटी) लगायतका सेवा बिरामीको सुविधाअनुसार पुन: तालिका बनाइने पनि जनाइएको छ ।

मनको आवाज.............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

### खेलकुद समाचार

## आर्मीले जित्यो प्रधानमन्त्री कप क्रिकेटको उपाधि



**काठमाडौं,** वैशाख ४/सुदूरपश्चिम प्रदेशलाई हराउँदै त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय क्रिकेटको उपाधि जितेको छ । आर्मीले अपराजित रहँदै उपाधि जितेको हो । वीरगञ्जको नारायणी क्रिकेट मैदानमा आज भएको फाइनलमा आर्मीले सुदूरपश्चिमलाई ५ विकेटले हरायो । सुदूरपश्चिमले दिएको १६२ रनको लक्ष्य आर्मीले ३४ ओभर ३ बलमा ५ विकेट गुमाएर भेटायो । आर्मीका इमरान शेखले नटआउट ४६, बसिर अहमदले ४५ रन बनाए । सुदूरपश्चिमका हेमन्त धामीले २ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले ३९ ओभर ४ बलमा १६१ रन बनाउँदा सबै विकेट गुमायो । सुदूरपश्चिमका अशोक धामीले सबैभन्दा धेरै ४३ रन बनाए । आर्मीका आकाश चन्द र शाहब आलमले ३/३ विकेट लिए । योसँगै सबै ८ वटै संस्करणको फाइनल खेलेको आर्मीको यो तेस्रो उपाधि हो । सुदूरपश्चिम पहिलो पटक फाइनलमा पुगेको हो । १० वटा टोली सहभागी प्रतियोगितामा आर्मी र सुदूरपश्चिम शीर्ष २ मा रहेर फाइनलमा पुगेका हुन् । आर्मीले उपाधिसँगै १० लाख र उपविजेता बनेको सुदूरपश्चिमले ५ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । यो प्रतियोगिताबाट आर्मी, सुदूरपश्चिम, एपीएफ क्लब, मधेश प्रदेश, लुम्बिनी प्रदेश र नेपाल पुलिस क्लब शीर्ष ६ मा रहेर जय ट्रफीका लागि छनोट भएका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## मातातीर्थ औंसीका दिन फरक क्षमता भएकाहरुलाई भोजन



**पाल्पा,** वैशाख ४/मातातीर्थ औंसीको अवसरमा लायन्स क्लब अफ श्रीनगरले फरक क्षमता भएकाहरुलाई एक छाक भोजन गराएको छ । क्लवले क्लवका पूर्व अध्यक्ष तथा सामाजिक व्यक्तित्व झमनबहादुर राज मगर र उनको श्रीमती भगवती राज मगरको सहयोगमा सिर्जनशिल अपाङ्ग स्वावलम्बन केन्द्र काजिपौवामा रहेका फरक क्षमता भएकाहरुलाई भोजन गराएको हो ।

क्लवले केन्द्रमै पुगेर भोजन गराएको हो । क्लवका पदाधिकारीहरु केन्द्रमै पुगेर खाना खुवाएका थिए । त्यहाँ पुगेका लायन्स क्लव डिष्ट्रिक (कोचिफ एड्भाइजर) राजेन्द्र लिगलले फरक क्षमता भएकाहरुलाई एक छाक भए पनि भोजन गराएर क्लवले पुण्य काम गरेकोमा खुसी व्यक्त गर्दै क्लवलाई धन्यवाद दिए । डिस्ट्रिक्ट गभर्नर बालाराम भट्टराईले मुल नारा "सहयोगी हातहरु र खुसी मन" का साथ यस बर्ष सामाजिक काम गर्न क्लवहरुलाई आग्रह गरिएको बताए । केन्द्रका अध्यक्ष सन्दिप भट्टराईले फरक क्षमता भएकाहरुप्रति क्लवले देखाएको सहयोग र सद्भावप्रति आभार व्यक्त गरे । कार्यक्रममा क्लवका पुर्वअध्यक्ष झमन बहादुर राज मगरले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रम क्लवका अध्यक्ष रामलाल श्रेष्ठको अध्यक्षता, सचिव शिवा कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८३/०१/०४*

प्रस्तुत विषयमा साविक खानिछाप-७ हाल बगनासकाली गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल तानसेन नगरपालिका-१ स्थित बल बहादुर दर्लामीको नाती श्रीमान दर्लामीको छोरा वर्ष ३३ का गोपाल दर्लामीको नाममा दर्ता कायम रहेको कि.नं. ३८३ क्षे.फ. ०-३-०-० को जग्गामा घर बनाउन तानसेन नगरपालिकाको कार्यालय तानसेन, पाल्पाबाट सधियारको नाममा यो १५ दिने हकदावी सूचना प्रकाशित गरिएको छ । जग्गाधनी गोपाल दर्लामीले प्रकाशित गरेको सूचना मितिले कुनै दावी विरोध भएमा १५ दिनभित्र स-प्रमाण सहित दावी विरोधको लागि तानसेन नगरपालिकाको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नापनक्सा तथा निर्माण कार्य हुने यसै सूचनाबाट जानकारी गराइन्छ । **इति सम्वत २०८३ साल ०४ गते रोज ६ शुभम् .../**

## शिक्षक आवश्यकता

**मिति : २०८३/०१/०४**

प्रस्तुत विषयमा तानसेन नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पाको च.नं. २२३६ मिति २०८३/०१/०३ को प्राप्त अनुमतीपत्र र मिति २०८३/०१/०३ को यस विद्यालयको विद्यालय ब्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम नेपाल सरकारको सशर्त अनुदानबाट तलव भत्ता खुवाउने गरी यस विद्यालयमा माध्यमिक तहको शिक्षण सिकाइ सहयोग अनुदानको कोटामा गणित विषयको शिक्षक पदपुर्तिका लागि विज्ञापन गरिएको छ । इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहायको विवरण अनुसारको दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. : ०२/०८२/०८३, पद :** शिक्षक, **पद संख्या :** १ जना,
**तह र श्रेणी :** माध्यमिक तह तृतिय श्रेणी (संघीय अनुदान), **विषय :** गणित
**शैक्षिक योग्यता :** वि. एड. वा सो सरह (मुल विषय गणित)
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर :** रु. १०००/-
**दरखास्त दिने अन्तिम मिति :** २०८३/०१/१८ गते (विद्यालय समयभित्र।)
**सर्म्पक मिति** : २०८३/०१/१९ गते ।
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ।**परीक्षाको किसिम :** लिखित/मौखिक वा दुवै
**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपी, वायोडाटा र निवेदन ।
**अनलाइन दरखास्त :** विद्यालयको इमेल ***bhusaldanda02@gmail.com*** मा दरखास्त पठाउन सकिनेछ । अनलाइन दरखास्त दिने उम्मेदवारले भुसलडाँडा मा.वि.को नाममा रहेको राष्ट्रिय वाणिज्य बैकको ***खाता नम्वर ३०३०१०००३५२२००१*** मा रकम जम्मा गरी भौचर समेत मेल गर्नु पर्नेछ ।
**सम्पर्कनं.:०७५-५२१७८४(विद्यालय),९८५७०६५९४२(अध्यक्ष)९८४७०२८५४८(प्रअ)९८५७०६०९८५(सहप्रअ),९८६९४७५६०७(लेखापाल)**

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
**तानसेन-१, भुसलडाँडा, पाल्पा**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई